annapurnapost.com
# अन्नपूर्ण पोस्ट
वर्ष २३, अंक २४२ पृष्ठ ८ | काठमाडौं, सोमबार २२ पुस २०८१ | पौष शुक्लपक्ष सप्तमी नेपाल संवत् ११४५ | MONDAY, JANUARY 6, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## ओलीको राजनीतिक प्रतिवेदन

# ‘निर्णायक राष्ट्रिय शक्ति निर्माणले मात्रै स्थायित्वको ग्यारेन्टी’

एमाले अध्यक्ष केपी ओलीले कांग्रेससँग सत्ता समीकरणको औचित्यसहित राजनीतिक प्रतिवेदन प्रस्तुत गरेका छन् । पार्टीको केन्द्रीय कमिटीमा आइतबार प्रस्तुत प्रतिवेदनमा ओलीले सरकारले केही सकारात्मक काम गरे पनि पर्याप्त नभएको स्वीकार गरेका छन् । राष्ट्रिय/अन्तर्राष्ट्रिय परिवेशको समीक्षासहित ओलीले एमालेलाई निर्णायक राष्ट्रिय शक्ति निर्माणका लागि कार्ययोजना पनि पेस गरेका छन् । पार्टीमा गुटबन्दी अस्विकार्य भएको, नेता/कार्यकर्ताको आचरण सुधार गर्नुपर्ने लगायतका विषय ओलीले प्रतिवेदनमा समेटेका छन् ।

समाचार पृष्ठ २

सुरेन्द्र काफ्ले | काठमाडौं
– को रिपोर्ट



राजनीतिक प्रतिवेदनका सबल पक्ष र दुर्बल पक्ष

### सबल पक्ष

- राजनीतिक स्थायित्वको सन्देश,
- अर्थतन्त्रमा सुधार
- संक्रमणकालीन न्यायसम्बन्धी कानुन पारित
- राष्ट्रिय हितको रक्षा र सन्तुलित बाह्य सम्बन्ध कायम गरिएको
- सहकारी क्षेत्रको बेथितिमाथि हस्तक्षेप
- बीआरआई सहयोग ढाँचाको दस्तावेजमा हस्ताक्षर
- सहकारी गठीमा ५ सयभन्दा बढी व्यक्ति थुनामा
- ६ हजार बचतकर्ताको १ अर्ब ५९ करोड फिर्ता
- सहकारीसम्बन्धी अध्यादेश जारी
- बंगलादेशमा बिजुली निर्यात
- भौतिक पूर्वाधारमा फड्को

### दुर्बल पक्ष

- सरकारका काम अपर्याप्त
- सहरीया मतदाताका लागि एमालेले मेहनत गर्नुपर्ने
- जाजरकोट र पश्चिम रुकुममा पुनर्निर्माणको काम थालनी नभएको
- बाढीबाट पीडितको पुनर्स्थापनामा ढिलाइ
- किसानका समस्या समाधान हुन नसकेको
- विकास निर्माणमा अपेक्षित गति नआएको
- लगानी र व्यावसायिक वातावरणमा अपेक्षित सुधार नआएको
- बेरोजगारी समस्याको समाधान हुन नसकेको

## गाजा युद्धविराम वार्ता कतारमा पुनः सुरु



**इजरायल** (एजेन्सी) : इजरायलले गाजा युद्धविराम र बन्धक मुक्त सम्झौताका लागि कतारमा पुनः वार्ता सुरु भएको पुष्टि गरेको छ।

गाजा सहरमा रहेको अल-घौला परिवारको घरमा बिहान भएको हवाई आक्रमणमा परी ११ जनाको मृत्यु भएकै दिन वार्ता सुरु भएको प्यालेस्टिनी प्रहरीले जनाएको छ।

इजरायलका रक्षामन्त्री इजरायल काट्जले सन् २०२३ को अक्टोबरमा भएको आक्रमणमा बन्धक बनाइएका व्यक्तिको रिहाइका लागि कतारमा हमाससँग अप्रत्यक्ष वार्ता सुरु भएको पुष्टि गरेका छन्।

बन्धकमध्येकी एक महिला सैनिक लिरी अल्बागका आफन्तलाई मन्त्रीले ‘बन्धकहरूलाई मुक्त गर्ने प्रयास भइरहेको र वार्ताका लागि इजरायली प्रतिनिधिमण्डल शुक्रबार कतारमा पुगेको बताएका छन्।

काट्जका अनुसार प्रधानमन्त्री बेनाजामिनले ‘वार्ताका लागि विस्तृत निर्देशन’ दिएका छन्। हमासको सशस्त्र शाखा इजेदिन अल-कासम ब्रिगेडले गाजामा अल्बागलाई कैदमा राखेको भिडियो सार्वजनिक गरेपछि उनले यस्तो बताएका हुन्।

साढे तीन मिनेट लामो रेकर्डिङमा १९ वर्षीया ती युवतीले हिब्रु भाषामा इजरायली सरकारलाई आफ्नो रिहाइका लागि आग्रह गरेको सुन्न सकिन्छ, यद्यपि, भिडियोको आधिकारिकताबारे पुष्टि गर्न नसकिएको एएफपीका स्थानीय संवाददाताले जनाएका छन्। भिडियो सार्वजनिक भएपछि अल्बाग परिवारले नेतन्याहूलाई अपिल जारी गर्दै भनेको छ, ‘गाजामा तपाईंका आफ्नै छोराछोरी बनाइएका छन् भनी युद्धविराम सम्झौताका लागि निर्णय लिने समय आएको छ।’

हाल गाजामा ९६ जना इजरायली बन्धक छन्, जसमध्ये ३४ जनाको मृत्यु भएको इजरायली सेनाले जनाएको छ।

# कांग्रेस विवादको जड, जहिल्यै क्रियाशील सदस्यता




राधा खनाल | काठमाडौं

कांग्रेसको जब महाधिवेशन आउँछ, जहिल्यै बल्झिन्छ क्रियाशील सदस्यताको विवाद। पार्टीको वडादेखि केन्द्रसम्म चुनाव लड्न क्रियाशील सदस्यता प्राप्त गरेकै हुनुपर्छ, त्यसैकारण क्रियाशील सदस्यता वितरणमा जहिल्यै ‘गुट’ को राजनीति चल्छ। क्रियाशील सदस्यले नै पार्टी नेतृत्व चयन गर्ने भएकाले कांग्रेसका लागि यो निकै महत्त्वपूर्ण मानिन्छ। कांग्रेसको १२औं महाधिवेशनदेखि क्रियाशील सदस्यताको विवाद सुल्झिएको छैन। १३औं र १४औंमा यसको लफडा बाँकी राखेर महाधिवेशन गरियो। तर, १५औं महाधिवेशन भने यो विवाद सुल्झाएर मात्रै गर्ने नेताहरूको भनाइ छ। त्यसैकारण आगामी चैतभित्र क्रियाशील सदस्यताको विवाद टुंगो लगाइसक्ने भन्दै समिति गठन भएको छ।

महामन्त्री गगन थापा संयोजकत्वको समितिले काम सुरु गरिसकेको जनाएको छ। सदस्यता फारम भर्न नपाएको गुनासो कांग्रेस यस्तो पार्टी हो, जसको वडादेखि केन्द्रीय कार्यसमितिमा निर्वाचन लड्न चाहने व्यक्तिको पहिलो खुड्किलो भनेकै क्रियाशील सदस्यता हो। उक्त सदस्यता भएपछि मात्र पार्टीभित्रका विभिन्न तह र तप्कामा बसेर काम गर्न सकिन्छ। तर, पार्टीभित्र संस्थापन र संस्थापनइतर गुटभित्रको चरम राजनीतिका कारण क्रियाशील सदस्यताको फारम भर्नै नपाएको कार्यकर्ताको गुनासो छ।

केन्द्रले पठाउने क्रियाशील सदस्यता फारम जिल्ला सभापतिले क्षेत्रीय सभापतिलाई नदिने, क्षेत्रले प्रदेश क्षेत्रीय कार्यसमिति र क्षेत्रले पालिका तथा वडालाई फाराम नै नदिएर होल्ड गर्ने गरेको कार्यकर्ताको गुनासो छ। क्रियाशील सदस्यता व्यवस्थापन समितिका सदस्य सीता गुरुङले पुराना क्रियाशील सदस्यको नवीकरण आठ महिनाभित्र पूरा गरी अध्यावधिक गर्ने र नयाँ क्रियाशील सदस्यता फाराम पनि वितरण गर्ने बताइन्। ‘चैतभित्र नवीकरण प्रक्रिया सक्ने गरी लागेका छौं। त्यहीअनुसार सबै साथीहरू आ–आफ्नो तोकिएको प्रदेशमा खटिएका छौं,’ गुरुङले भनिन्।

त्यसो त कांग्रेसमा फरक गुटका कार्यकर्ता छन् भने सम्बन्धित व्यक्तिलाई नदिएर फाराम लुकाउने गरिन्छ। दाङकी कांग्रेस नेतृ रश्मी लामिछानेको यही समस्या भोगेको बताइन्। उनी संस्थापन इत्तर समूहकी हुन्। त्यसैकारण क्रियाशील सदस्यता फाराम भर्न नपाएको उनको गुनासो छ। ‘केन्द्रमा बुझ्दा मेरो क्रियाशीलता सदस्यता आइसकेको भनिएको थियो,’ उनले भनिन्, ‘पछि थाहा भयो, जिल्लामा हामीलाई सदस्यता दिनेले नै नदिएका रहेछन्। यो हदसम्मको राजनीति गरिन्छ।’

### वरीयता विवादले रोकियो तरुण भेला

कांग्रेसको भ्रातृ संगठन तरुण दलको पुस २२ र २३ का लागि तय भएको विशेष भेला रोकिएको छ। उक्त भेला रोकिनुको मुख्य कारण पार्टीभित्रको वरीयता विवाद रहेको नेताहरू बताउँछन्। पार्टी सभापति देउवापछिको वरीयतामा उपसभापति पूर्णबहादुर खड्का छन्। तर, इतर समूहले भने देउवापछि संस्थापन इतरका नेता डा. शेखर कोइराला हुनुपर्ने अडान राख्दै आएको छ। सोही विवादका कारण तरुण दलको भेला स्थगित भएको हो। तरुणका एक नेताले भने, ‘वरीयता विवादले गर्दा विराटनगर सम्मेलनमा शेखर दाइ जानुभएन। त्यस्तो अवस्था नदोहोरियोस् भनेर स्थगित गरिएको हो।’

केन्द्रीय सदस्य र जिल्ला अध्यक्ष सहभागी हुने गरी तरुण भेला डाकिएको थियो। विशेष कारण देखाएर विज्ञप्तिमार्फत भेला स्थगित गरिएको छ।

**यस्तो छ क्रियाशील सदस्यता लिने प्रक्रिया**

कांग्रेसको साधारण सदस्यता लिएको एक वर्षपछि मात्र क्रियाशील सदस्यता दिने प्रक्रिया सुरु हुन्छ। तर, पार्टीभित्रको आन्तरिक द्वन्द्वका कारण क्रियाशील सदस्यता समयमा नपाएको कार्यकर्ताको गुनासो हुने गर्छ। पछिल्लो समय क्रियाशील सदस्यतासम्बन्धी विवाद मिलाउन केन्द्रीय कार्यसमितिको बैठकबाट महामन्त्री थापाको संयोजकत्वमा समिति बनाइएको छ। २०६७ असोज १ गतेदेखि ५ गतेसम्म कांग्रेसले १२ औं महाधिवेशनका क्रममा क्रियाशील सदस्यताको विवाद उच्च तहमा पुग्यो। त्यसयता विवाद यथावत् छ। त्यतिबेला १२औं महाधिवेशनमा देखा परेका विवाद १३औंमा मिलाउने भनिएको थियो। तर भएन। सदस्यता विवाद सल्टाउन नसक्दा पुरानै सदस्यबाट सुशील कोइरालाको नेतृत्वमा नयाँ कार्यसमिति चयन भयो। २०७२ फागुन २० देखि २३ गतेसम्म कांग्रेसले १३औं महाधिवेशन गर्‍यो। १३ औं महाधिवेशन पनि पुरानै क्रियाशील सदस्यबाटै भयो, सदस्यता विवाद भने यथावत् राखियो। जसबाट अहिलेका पार्टी सभापति शेरबहादुर देउवा निर्वाचित भए। त्यतिबेला देखिएका क्रियाशीलसम्बन्धी विवादसम्बन्धी समस्या १४औं महाधिवेशनका बेला मिलाउने भनियो, तर यत्तिकै छोडियो।

२०७८ मा भएको १४औं महाधिवेशनमा ८ लाख ८२ हजार ८ सय १६ जना क्रियाशील सदस्य भएको तथ्यांक सार्वजनिक गरिएको थियो। सोही सदस्यबाट शेरबहादुर देउवा सभापतिमा निर्वाचित भए। १४औंमा देखिएका विवाद १५औं महाधिवेशनसम्म मिलाउने भनेर छोडिए। अहिले बनेको समितिलाई पनि यो समस्या सल्टाउन सकस परेको छ। तनहुँ शुक्लागण्डकी नगरपालिका– १ का कृष्णप्रसाद शर्मा कांग्रेसमा सक्रिय राजनीति गर्दै आएको १२ वर्ष भएको बताउँछन्। तर उनले क्रियाशील सदस्यता पाउन सकेका छैनन्। ‘मलाई १२औं महाधिवेशनदेखि क्रियाशील सदस्यता दिने भन्दै थम्थम्याइएको छ,’ उनले भने, ‘तर अहिलेसम्म दिइएको छैन। अब १५औं महाधिवेशनसम्म पनि सदस्यता पाउन सकिएन भने पार्टी छाड्नुको विकल्प छैन।’

बाँकी पृष्ठ ६

# ‘नेताको जीवनशैली फेरिंदा माओवादी बिग्रियो’



राजकरण महतो | काठमाडौं

सत्ता केन्द्रित हुँदा माओवादी आन्दोलन बिग्रिएको नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल(प्रचण्ड)ले स्वीकार गरेका छन्। केन्द्रीय समिति बैठकमा उठेका प्रश्नको उत्तर दिँदै अध्यक्ष दाहालले यस्तो स्वीकार गरेका हुन्।

‘माओवादी नेताहरूको जीवनशैली फेरिँदा त्यसको असर माओवादी आन्दोलनमा परेको छ,’ बैठकमा दाहालले भने, ‘विगतमा जे भयो त्यसबाट पाठ सिक्नुपर्छ। अब माओवादी आन्दोलनलाई बलियो र एकताबद्ध बनाउँदै आउँदो निर्वाचनमा माओवादीले एकताबद्ध तरिकाले एक्लै लड्छ।’ माओवादी आन्दोलनलाई चुस्तदुरुस्त बनाउन माओवादी अध्यक्ष प्रचण्डले नेता तथा कार्यकर्ताको आयआर्जनको हरहिसाब खोजी गर्ने बताएका छन्।



केन्द्रीय सदस्य राजु खड्काका अनुसार पार्टी अध्यक्ष प्रचण्डले फागुन १ गतेसम्म राजनीतिक नियुक्ति लिएका, स्थानीय तहका पूर्व तथा बहालबाला जनप्रतिनिधि, केन्द्रीय सदस्यदेखि प्रदेशसम्मका नेता तथा कार्यकर्ताहरूको सम्पत्ति विवरण पार्टीमा पेस गर्न निर्देशन दिएका छन्।

नेताहरूको जीवनशैली बदलिएको प्रतिआम नागरिकमा निराशा छाएको केन्द्रीय सदस्य खडकाले बताए। ‘केन्द्रीय सदस्य तथा नेताहरूको आम्दानी र त्यसको स्रोत पारदर्शी बनाउनुपर्ने प्रस्ताव बैठकमा जोडतोडले पार्टीअध्यक्षले राख्नुभएको छ,’ खड्काले भने।

**शक्ति आर्जन गर्ने दाउमा प्रचण्ड**

‘३२ सिटे म्याजिक नम्बर’को खेल फेल भएपछि प्रचण्ड नेतृत्वको सरकार गत असारमा ढलेको थियो। त्यसपछि प्रचण्ड आक्रोसित रूपमा प्रस्तुत हुँदै आएका छन्। प्रचण्डले बैठकमा प्रस्तुत गरेको प्रतिवेदनमा शक्ति आर्जन गर्न एकतामा जोड दिएका छन्। उनले माओवादी केन्द्रले स्कुलिङ र विचार मिल्ने पार्टी तथा समूहहरूसँग एकता गर्न उच्चस्तरीय एकता संवाद समिति बनाउने प्रतिवेदनमा प्रस्ताव गरेका छन्। ‘स्कुलिङ तथा विचार मिल्ने, जनयुद्धमा भाग लिएका वा जनयुद्धप्रति सकारात्मक दृष्टिकोण राख्नेसँग पार्टीसँग एकता गर्नुपर्छ’, बैठकमा प्रचण्डले भने।

पार्टीका उपाध्यक्ष तथा प्रवक्ता अग्निप्रसाद सापकोटाको प्रतिक्रियाले पनि प्रचण्डले शक्ति आर्जन गर्न कसरत गरिरहेको पुष्टि गरेको छ। एकीकृत समाजवादी, नेपाल समाजवादी पार्टी, नेकपा बहुमत, नेकपा, मोहन वैद्य, प्रभु साह नेतृत्वको पार्टीसँग एकताको पहल गर्ने प्रस्ताव बैठकमा अध्यक्षले राखेको सापकोटाले जनाए।

प्रचण्डले आगामी चुनावमा कांग्रेस र एमाले जस्ता पार्टीसँग मिलेर चुनाव नलड्ने घोषणा गरेका छन। प्रवक्ता सापकोटाले भने, ‘गठबन्धन नगरी एक्लै चुनाव लड्छौं भन्ने अध्यक्षज्यूको तयारी छ।’

**‘माओवादी क्रान्तिकारी शक्ति’**

माओवादी केन्द्रका उपमहासचिव गिरिराजमणि पोखरेलका अनुसार अध्यक्ष प्रचण्डले बैठकमा अन्तर्राष्ट्रिय तथा राष्ट्रिय परिस्थितिको चर्चा प्रतिवेदनमा गरेका छन्।

बाँकी पृष्ठ ६